# नीति तथा कार्यक्रम

श्री गाउपालिका उपाध्यक्ष ज्यू,
गाँउसभाका सदस्य ज्यूहरु,
कर्मचारीवर्ग,
तथा सम्पुर्ण सुनकोशी गाउँपालिकाबासी आमा, बुबा, दाजुभाई तथा दिदिबहिनीहरु

"संस्कृति,पर्यटन,कृषी र पूर्वधार
समावेशी सुनकोशी समृद्धिको आधार "

भन्ने मुल नाराका साथ सम्पन्न हुन लागेको यस गाउँपालिकाको ऐतिहासिक एघारौ गाउँसभामा उपस्थित सम्पूर्ण महानुभावलाई हार्दिक स्वागत गर्दछु । पुर्वाधार विकासका सुचकका आधारमा विकट र दुर्गम यस गाउँपालिकामा रहेका अवसर तथा सम्भावनाहरुको पूर्ण उपयोग गर्दै आगामी केहि वर्षभित्र आर्थिक, सामाजिक र पुर्वाधारले सम्पन्न एक समृद्ध गाउँपालिकाको स्वरुप रुपान्तरण गर्ने तर्फ यस गाउँ सभाद्वारा स्वीकृत नीति योजना तथा कार्यक्रमहरुले ठोस रुपमा योगदान पुऱ्याउने विश्वास लिएको छु। पहिलो स्थानीय तहको निर्वाचन २०७४ बाट निर्वाचीत जनप्रतिनिधिकरुले देखाउनु भएको मार्गदर्शन लाई निरन्तरता गर्ने प्रण गर्दछु ।

नेपालको संविधान २०७२ अनुसार नेपालको राज्य पुनः संरचनाको क्रममा स्थापना भएका ७५३ स्थानीय सरकार मध्ये एक सुनकोशी गाउँपालिका ,ओखलढुंगा । जनतालाई अधिकार सम्पन्न बनाउने प्रयास स्वरुप भएको यो राज्य पुनःसंरचना पश्चात आफ्नो ठाउँको विकासको लागि निरन्तर प्रयासरत छ ।हालका दिनहरूमा केन्द्रको मुख ताक्नु पर्ने विद्यमान अवस्थामा सुधार भई स्थानीय तहले स्थानीय स्रोतको परिचालनबाट आफ्नो क्षेत्रको विकास तथा समृद्धिका लागि निर्णय गर्न सक्ने अवस्था निर्माण भएको छ। सो को सुरुवात आज यस गाउँपालिका आँफैले आफ्ना लागि बनाएका नीति तथा कार्यक्रमहरु, विकास योजना तथा बजेट निर्माण गरी जनप्रतिनिधिहरुबाट पारित गराई निरन्तरता दिदैछ ।

सेवा प्रवाहमा प्रभावकारिता ल्याउँने उद्धेश्यले वडा कार्यालय सञ्चालनमा ल्याइएको नियमितता, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्य तथा कर्मचारी साथीहरुको सकृयताले नियमितरुपमा नागरिकहरुले सेवा प्राप्त गर्न सक्नु महत्वपूर्ण उपलब्धी हो। स्वास्थ्य संस्था नरहेका वडाहरुमा इकाइ स्थापना गरि नियमित स्वास्थ्य सेवा प्रदान गर्ने, निजी स्रोतवाट सञ्चालन भएका विद्यालयका शिक्षकहरुको लागि तलव भत्ता व्यवस्थापन सिकाइ उपलब्धी वृद्धिको लागि विद्यालयहरुमा सञ्चालन गरिएका कार्यक्रमहरु विद्यालहरुको भवन शौचालय लगायतका संरचना निर्माण गरिनु, शिक्षक तथा वालकक्षा सहयोगी कार्यकर्ताहरुको क्षमता विकाससँग सम्वन्धित कार्यहरु सञ्चालन गर्नु, योजना निर्माण तथा सञ्चालन कार्यलाइ सहकार्य र समन्वयमा थप प्रभावकारी वनाउँनु हामी सवैको साझा उपलब्धी हुन । सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाउन तथा गम्भीर प्रकृतिका विरामीहरुको उपचारमा गाँउपालिका सहयोगी वन्ने उद्धेश्यले ल्याइएका कार्यक्रमहरुले नागरिकलाई थप राहत र सुविधा पुगेको छ। सवै वडा कार्यालयवाट गाँउपालिका केन्द्र जोड्ने कच्ची सडक निर्माण गर्ने कार्य सम्पन्न भइसकेको छ भने आगामी दिनमा व्यवस्थित र १२ महिना नै सवारी साधन चल्ने खालको सडक निर्माणको लागि प्रदेश तथा संघीय सरकारसँग अनुरोध गर्ने र स्थानीय तहको स्रोतलाई अधिकतम परिचालन गर्ने नीति ल्याईने छ ।

कृषि क्षेत्रमा गरिएको लगानीले अपेक्षाकृत प्रभावकारी परिणाम दिन नसकेको गुनासो आइरहेको सन्दर्भमा यस आ.व. मा विगत झै कृषि क्षेत्रमा कार्य गर्दै अएको साना सिचाइ कार्यक्रम लगायतका संस्थाहरु समेतको स्रोतको परिचालन गरि कार्यविधि निर्माण गर्दै प्रत्येक वडामा कम्तीमा एक कृषि पशु उद्मम कार्यक्रम सञ्चालन गर्ने निति लिइनेछ। सोको लागि गाँउपालिकाले ५० प्रतिशत अनुदानको व्यवस्था समेत गर्ने छ। यसरी कृषि तथा पशु उद्मम कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहमानै रोजगारी सृजना भई आय आर्जन वृदि हुने विश्वास लिइएको छ।

यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पुरा गर्ने अबको हाम्रो बाटो भनेको तिव्र आर्थिक विकास नै हो। आत्मनिर्भर र स्वाधिन अर्थतन्त्र निर्माण गर्ने स्वस्थ प्रतिस्प्रर्धात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान विन्दु हो। हामीलाई यो अवस्थासम्म ल्याउन अनवरत संघर्ष गर्ने सम्पूर्ण अग्रजहरु तथा जीवनकै बलिदान समेत गर्ने सम्पूर्ण ज्ञात,अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै अब म यस सुनकोशी गाउँपालिका ओखलढुंगाको आर्थिक वर्ष २०७९।८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. अन्तिम चरणमा पुगेको ग्रमिण विधुतिकरणको कार्यलाई यस आ व भित्र सम्पन्न गरि सवै घरधुरिमा विधुत सेवा पुर्याईने छ।

२. विधुत, पर्यटन, सडक, खानेपानी जस्ता विभिन्न पुर्वधारका क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ।

३.गाउँपालिकाको क्षेत्र भित्र निर्माण भएका कच्ची सडकमा नालीको व्यवस्था गरिनेछ र १२ महिनामै सडक संचालनमा ल्याइनेछ।

४. उपभोक्ता समितिले प्रभावकारी रुपमा कार्य गर्न सकोस भनी सो को गठन लगतै योजनाको संचालन, आर्थिक पारदर्शिता तथा योजनाको गुणस्तर लगायतका विषयमा उपभोक्ता समितिलाई अभिमुखिकरण गरेपश्चात मात्रै योजनाको कार्यलाई अगाडि बढाइने छ। साथै प्राविधिक लगत स्टमेट अनुसार कार्य सम्पन्न भइ योजना स्थलमा सार्वजनिक परिक्षण भएपछि मात्र अन्तिम किस्ता भुक्तानी गरिनेछ।

५. सुरक्षित नागरिक आवास निर्माण कार्यक्रमलाई थप प्रभावकारी वनाउँनुको साथै जनता आवास कार्यक्रम मार्फत निजी आवस निर्माण कार्यलाइ तिव्रता दिईनेछ।भुकम्पबाट प्रभावित भएका र पुन निर्माण लाभग्राहिको सुचिमा नपरि पुनरावेदन प्रकृयमा गएका भुकम्प प्रभावित नागरिकहरुको सुनुवाइका लागि सम्बन्धित निकाय सँग पहल गरिने छ।

६. यस गाउँपालिकाको सबै वडामा खेलमैदान स्थापना गरिनेछ \ गाउँपालिका स्तरिय सुविधासम्पन्न खेल मैदान निर्माण गर्ने र पालिका स्तरीय एक कबडहलको आवश्यक बजेट गाउँपालिकाबाट व्यवस्थापन गरिनेछ।

७. सुख्खा बस्ती तथा डाँडाहरुमा संरक्षण पोखरी निर्माण गर्न प्रोत्साहित गरिने छ। नाङ्गो पाखा तथा भिरहरुमा वृक्षरोपण कार्यलाई प्रोत्साहित गर्ने कार्यलाइ निरन्तरता दिइएको छ।

८.गाउँपालिकाको प्रशासकीय भवन तथा बाँकी राहेको वडा कार्यालय निर्माण गरिनेछ।

९. खानेपानीको पहुच नपुगेका घर तथा वस्तिहरुमा १ घर १ धारो कार्यक्रम संचालन गरी सबै नागरिकलाई स्वच्छ पिउने पानीको प्रबन्ध गरिनेछ।

१०. महिला स्वास्थ्य स्वयंसेविकालाई एकमुष्ठ वार्षिक रु १५ हजार प्रोत्साहन रकम प्रदान गरिने छ । ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकालाई एकमुष्ठ रु ५० हजार रकम सहित सम्मानपूर्ण विदाइ गरिने छ । नयाँ महिला स्वास्थ्य स्वयंसेविका नियुक्त गर्दा अनमी, अहेव, हेअ लगायतबाट नियुक्ति भएमा मासिक रु ५ हजारका दरले प्रोत्साहन प्रदान गरिने छ साथै यसरी नियुक्ती हुने महिला स्वास्थ्य स्वयम सेविकाले स्वास्थ्य सस्थामा समेत रहि सेवा पुर्याउँनु पर्ने छ ।

११. गंभिर प्रकृतिको रोगको पहिचान गरि उपचारमा सहयोग पुर्याउने उदेशयले रोग पहिचान सिविर संचालन गरिनेछ साथै रोग पहिचान भएका विरामिको उपचारको लागि गाउँपालिका बाट प्रदान गरिदै आएको आर्थिक सहायतामा वृद्धि गरि २०,००० बाट २५,००० पुर्याईनेछ र पाठेघरको अप्रेशन गर्नुपर्ने महिलाको अप्रेशन पश्चात समेत १५,००० प्रदान गरिनेछ ।

१२. आयुर्वेद चिकित्सक पद्धति लाई प्रयोग गर्दै जनतामा स्वास्थ्य सेवा पुराईनेछ ।

१३. प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापनाको लागि माथिल्लो निकायसमक्ष माग गरिने छ भने सो नभएसम्मको लागि गाउँपालिकाका आवश्यक स्थानहरुमा स्वास्थ्य इकाई स्थापना तथा संचालन गरी स्वास्थ्य सेवा प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१४ प्रसुती सेवा सहितको सुविधा सम्पन्न अस्पतालको निर्माणको लागि सम्बन्धित निकायसँग पहल गरिने छ ।

१५. यस गाउँपालिकामा एम्बुलेन्सको व्यवस्थाको लागि प्रदेश सरकार, दाँतृ निकाय समक्ष माग गरिने छ ।

१६.गाउँपालिका क्षेत्रभित्र विशेषज्ञ सेवा सहितका सामुदायिक तथा निजि अस्पताल स्थापना तथा संचालनको लागि आवश्यक नीति लिइने छ ।

१७. सुनकोशी गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा मृत्यु हुने मृतकका आफन्तहरुलाई समवेदना प्रकट गर्दै मृत्यु संस्कारको लागि प्रति परिवार नगद रु ५०००। प्रदान गरिने कार्यलाई निरन्तरता दिईनेछ । पोष्ट मार्टम गर्नको लागि लानु पर्ने भएमा यातायात खर्च वापत थप ५ हजार दिइनेछ ।

१८. जेष्ठ नागरिक सम्मान गर्दा गत आ.व.मा सम्मानित हुने वाहेकका वरिष्ठतम जेष्ठ नागरिकलाई सम्मानित गरिने छ ।जेष्ठ नागिरकसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरी गाउँपलका भित्रका जेष्ठ नागरिकहरुसँग भेटघाटका साथमा जेष्ठ नागरिकहरुलाई सम्मान प्रोत्साहन गरिने छ ।

१९. स्वयम सेवकको रुपमा शिक्षण कार्यमा काम गर्न चाहानेलाई प्राथमिकता दिईने छ ।

२०. विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत प्रत्येक महिना सवै विद्यालयहरुमा विद्यार्थीहरुको स्वास्थ्य परिक्षण तथा परामर्श सेवा उपलब्ध गराईनेछ । साथै स्वास्थ्य कर्मीवाट विद्यालयमा शिक्षण गर्न प्रोत्साहन गरिनेछ ।

२१. स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी ब़नाउन गाउँपालिका भित्र रहेका दलित एकल महिला मध्ये सुचाङ्कको आधार मानी प्राथमीकरण गरी यस वर्षमा १५० जनाको स्वास्थ्य बिमा गरिनेछ र महिला स्वास्थ्य स्वयंम सेविका ७२ जनाको स्वास्थ्य बिमा गरिने छ ।

२२. शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन विद्यार्थी अनुपातको आधारमा प्रत्येक विधालयमा शिक्षण सिकाई कोष स्थापना गरिने छ । अस्थायी स्वीकृती प्राप्त विद्यालयहरुको लागि दरबन्दी सहितको स्थायी स्वीकृतिका साथै भौतिक पुर्वाधार, शैक्षिक सामाग्रि तथा शिक्षक दरबन्दी थपको लागि केन्द्रिय तथा प्रदेश सरकारसँग माग गरिने छ भने सो क्षेत्रका विद्यालयहरुको सिकाई उपलब्धी वृद्धि गराउने कार्यको लागि भौगोलिक विकटतालाई मध्यनजर गरी थप कक्षाका विद्यार्थी संख्याको अनुपातमा निजी शिक्षक व्यवस्थापनको लागि आवश्यक वजेट व्यवस्थापन गरिने छ। नेपाल सरकार शिक्षा मन्त्रालयले तयार गरेको निर्देशिका तथा प्राप्त तथ्याङ्कको आधारमा शिक्षक दरवन्दी मिलान तथा एकिकरण लगायतका कार्यहरु गरिनेछ।

२३. यस गाउँपालिका भित्रका विद्यालयहरुबाट माध्यमिक परीक्षा उत्तीर्ण गर्ने उत्कृष्ट १।१ जना छात्र र छात्राहरुलाई क्रमश: १५ हजार, १० हजार नगद सहित सम्मानित गरिने कार्यलाइ निरन्तरता दिइने छ साथै सुनकोशी गाउँपालिका भित्रका विद्यालयहरुबाट माध्यमिक परीक्षा उत्तीर्ण गर्ने उत्कृष्ट १।१ जना दलित छात्र र छात्राहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

२४. यस गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको विद्यार्थी संख्या भूगोलको आधारमा पून:नक्साङ्कन गरिनेछ । यस क्रममा विद्यालयहरु गाभ्ने तथा विद्यालयहरुको स्थापना गर्ने समेत कार्यलाई निरन्तरता दिइनेछ ।

२५. प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिदै यस गाउँपालिका भित्र संचालनमा रहेका तथा संचालनको प्रकृयामा रहेका प्राविधिक धार तर्फका सामुदायिक विद्यालयहरुलाई विद्यालयको तत्कालीन आवश्यकताको पहिचान गरि आवश्यक सहयोग गरिनेछ ।

२६. यस गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक सुधारको लागि थप कार्यक्रमहरु सञ्चालन गरिने छ । एक विद्यालय एक नर्स व्यवस्थाको लागि पहल गरिनेछ ।विद्यालयहरुमा मार्शल आर्टस् लगायत खेलकुदको तालिम संचालन गराउन प्रोत्साहित गरिने छ ।

२७.यस गाउँपालिका भित्र संचालनमा रहेका विद्यालयहरुमा स्थानीय तथा मातृभाषा शिक्षा संचालन गर्नका लागि पाठ्यक्रम तयारको पुर्व तयारी तथा कक्षा संचालनका लागि आवश्यक नीतिगत व्यवस्थाहरु गरि सँस्कृतिको सँरक्षण र प्रवर्दन गरिने छ ।

२८.विभिन्न विषयहरुमा संचालन हुने तथा स्थापना भएका सामुदायिक क्याम्पसहरूलाई आवश्यक सहयोग र सहजिकरण गरिने छ ।

२९. गाउँपालिका क्षेत्रभित्र रहेका प्रस्तावित सामुदायिक विद्यालयहरुमा काम गर्ने गाउँपालिकाले अनुदान दिई नियुक्त गरेका निजीस्रोतका शिक्षकहरुलाई नेपाल सरकारले वृद्धि गरे बरावरको तलबको ५०%ले हुन आउने रकम तलब वृद्धि गरिने छ ।

३०. राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितामा सहभागि विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ । साथै जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितामा सहभागी भई यस गाउँपालिका अन्तर्गत रहेका माध्यामिक विद्यालयले प्रथम स्थान हासिल गरेमा उक्त विद्यालयलाई रु १ लाख नगद सहित सम्मानित गरिने छ ।

३१. विद्यालय दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी वनाउन "घरमा जे पकाइन्छ स्कुलमा तेही खानइन्छ " कार्यक्रम सञ्चालनमा ल्याइने छ ।घरमा जे पकाइन्छ स्कुलमा तेही खाइन्छ कार्यक्रम सञ्चालनका लागि गाउँपालिका भित्रका कक्षा १ देखी ५ सम्मका सम्पुर्ण विद्याथिहरुलाई टिफिनक्यारि वितरण गरिने छ ।

३२. यस पालिका भित्र संचालित सामुदायिक अध्यंन केन्द्रहरु लाई नजिकैको विद्यालय वा अपग्रेड भएको विद्यालयमा एकीकरण गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

३३. सुनकोशी गाउँपलिका भित्र रहेका सामुदायीक विद्यालय बाट अध्यान गरि MBBS अध्ययन गर्न चाहाने सर्व उत्कृष्ट अंक ल्याएमा एक छात्रा तथा छात्र को लागी मापदण्ड बनाई छात्रवृती प्रदान गरिनेछ।

३४. दुध तथा मासु उत्पादनमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम ल्याइने छ । गाउँपालिका क्षेत्रमा दुध डेरी तथा दुध संकलन गर्न दुग्ध चिस्यान केन्द्र तथा कृषि जन्य उत्पादनको संकलन तथा चिस्यान केन्द्र स्थापना गरिने छ ।

३५. सहकारी संस्थाहरुलाई व्यवस्थित गरी सुपथ मुल्य सहकारी पसलहरु स्थापनामा जोड दिंदै सहकारी सँस्थाहरुको क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिने छ ।

३६. मोलुङ तथा सुनकोशी किनारमा रहेका खेतियोग्य तर सिंचाईको अभाव रहेका खेतियोग्य जमिनको लागि सौर्य सिंचाइको लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र मार्फतका कार्यक्रम संचालनको लागि पहल गरिनेछ ।

३७. विभिन्न समयमा उत्पादन हुने कृषि उपजको कृषि प्रदर्शनी आयोजना गरी उत्कृष्ट कृषकलाई सम्मान गरिने छ साथै एक गाँउ एक उत्पादन गरिनेछ ।

३८. सुनकोशी गाउँपालिकामा उत्पादित कृषी उपजहरुको बिक्री बितरणको लागि गाँउपालिका आसपास हाट बजारको व्यवस्थापन गरिनेछ ।

३९. यस गाउँपालिकामा स्थापना भई निष्कृय रहेका कृषि सहकारीहरुलाई सक्रिय बनाउनुका साथै प्रत्येक वडामा एउटा कृषि सहकारी स्थापना गरिने छ । वडाका प्रत्येक घरपरिवारलाई कम्तीमा एउटा सहकारी सस्थाको सदस्यता प्राप्त गर्न अवश्यक व्यवस्था सहित प्रोत्साहित गरिने छ । साथै एक वडा एक महिला सहकारीको अवधारणालाई अगाडि वढाइनेछ संस्था गठन गरि कम्तिमा १|१ वटा कुटानी पिसानी मिल स्थापना गरिनेछ, उक्त कार्यको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

४०. कृषी क्षेत्रमा बाली बिमा,पशु विमा तथा आम नागरिकको स्वास्थ्य विमा लगायतका कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ । साथै दिगो कृषिको माध्यमवाट कृषकको जिविकोपार्जन सुधार कार्यक्रममा विशेष जोड दिइनेछ ।

४१. आधुनिक अरानलाई प्रबन्धन गरिनेछ ।

४२. "आत्मानिर्भरताका लागि आफ्नै उत्पादन कार्यक्रम सञ्चालन गरि कृषि, पशुपालन, नगदेवालि लगाएतका क्षेत्रलाई वैज्ञानिक, व्यबसायिक, तथा उत्पादन मुलक बनाई थप रोजगारिको सिर्जना गरिनेछ । उक्त कार्यक्रमको दायरामा साना किसानलाई प्राथमिकता दिइने छ ।

४३. स्थानीय तहमा नै युवाहरुलाई रोजगारी प्रदान गर्ने उद्देश्यले विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सहकार्यमा लघु उधम विकास कार्यक्रम मार्फत थप उद्यमिहरुको उत्पादनमा जोड दिइने छ । उद्यमशिलता विकास कार्यक्रम मार्फत गाउँपालिका भित्रका वेरोजगार युवाहरुलाई स्वारोजगार वनाउन "विदेश नजाउ घरमै रमाउ " कार्यक्रमलाई उच्च प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

४४. संभाव्यता अध्ययन गरी आम्दानिको स्रोतलाई वृद्धि गर्दै रोजगारी समेत सृजना गर्ने उदेश्यले चिया, कफि, तथा जडिवुटी खेति कार्यलाई प्रोत्साहन गरिने छ ।

४५. कर्मचारीवाट नतिजामूखी कार्य सम्पादनको लागि विषयगत शाखा र कर्मचारीहरुको मासिक रुपमा कार्ययोजना तर्जुमा र प्रगति समीक्षा गरिने छ । साथै जनमैत्री सेवा प्रवाहका लागि कर्मचारीको क्षमता विकास गरिने कार्यलाइ निरन्तरता दिइएको छ ।

४६. गाउँपालिका र सवै वडा कार्यालयहरुमा दक्ष कर्मचारी सहित सुचना प्रविधि मैत्री सेवा प्रवाहमा जोड दिने छ ।

४७. यस गाउँपालिकाका गतिविधिहरुलाई नियमित रुपमा नागरिक समक्ष सार्वजानिक गर्ने उद्धेश्यले स्थानीय सञ्चार माध्यमहरुको सहकार्यमा सुनकोशी गाउँपालिका हिजो र आज कार्यक्रमको जानकारी दिइने छ ।

४८. मातृशिशु स्याहार अन्तर्गत सुत्केरी भेट कार्यक्रमलाई निरन्तरता दिइने छ। सोका लागि सुनकोशी गाउँपालिका भित्र रहेका वर्थिङ सेन्टर वा स्वास्थ्य संस्थाको प्रेषणमा नियमित गर्भ परिक्षण गराई सुत्केरी हुने आमा र शिशु स्याहारको लागि "स्वास्थ्यका लागि पोषण कार्यक्रम" सञ्चालन गरि प्रति सुत्केरी आमालाई तिन हजार प्रदान गरिनेछ ।

४९. विवाहित महिलालाई कम्तीमा माध्यामिक तहको शिक्षाको पहुच वृद्धि गर्न वुहारी छात्रा वृति कार्यक्रमलाई निरन्तरता दिइने छ। सोका लागि प्रति वुहारी छात्रा रु. ५ हजार वार्षिक छात्रावृति प्रदान गरिने छ। उक्त छात्रावृति प्राप्त गर्नको लागि वैधानिक विवाह भएको हुनु पर्ने छ ।

५०. ३५ वर्ष उमेर पुरा भई विवाह नभएका एकल महिलालाई निजको स्वास्थ्य उपचारको लागि वार्षिक रु ६ हजार औषधी उपचार खर्च कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५१. विवाह भई पैतिस वर्ष नपुग्दै महिलाइहरु एकल विधवा भएमा निजलाई प्रति एकल महिला वार्षिक रु ६ हजार औषधी उपचार खर्च कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५२. लैङ्गिक हिंसा तथा घरेलु हिंसाको न्युनिकरण तथा महिला लक्षित कार्यक्रमहरु महिला विकास शाखा र गाँउपालिका स्तरिय आमा समुह सञ्जाल मार्फत विभिन्न सचेतनाका कार्यक्रमहरु संचालन गरिने छ।

५३. जनसहभागिता पुर्ण तथा विकेन्द्रित विकासमा जोड दिइने छ ।

५४. गाउँपालिका केन्द्र तथा अन्य सम्भावित क्षेत्रमा ल्याण्ड लाइन टेलिफोनको सेवा विस्तार तथा यस गाउँपालीकाको सबै क्षेत्रमा गुणस्तरीय मोवाइल संचालनको लागि आवश्यक टावरहरुको व्यवस्था गर्न नेपाल टेलिकम समक्ष पहल गरिनेछ ।

५५. प्रत्येक वडाबाट एक एक जना सबै भन्दा वृद्ध महिला, पुरुष, दलित, जनजाति तथा अपाङ्गलाई नगद रु. ५ हजार नगद सहित सम्मानित गरिने कार्यलाइ निरन्तरता दिएको छु ।

५६. स्थानिय लोकबाजा संरक्षण तथा सम्बर्धन सम्बन्धी विशेष कार्यक्रमहरु संचालनमा जोड दिईने छ ।

५७. गाउँपालिका स्तरिय अध्यक्ष कप खेल कुद कार्यक्रम सञ्चालन गरिने छ ।

५८.बनजन्य तथा जडिबुटी संरक्षण गर्नुका साथै व्यापारिक महत्वका जडिवुटीको उत्पादन तथा संकलनलाई व्यवस्थित बनाई प्रोत्साहित समेत गरिने छ ।

५९. योजना संचालनको क्रममा रोजगारी सृजना गर्ने कार्यलाई प्राथमिकता दिइने छ । कर तिर्ने, योजना संचालनका क्रममा पारदर्शिता तथा जिम्मेवारीका साथ संचालन गर्ने, सेवा प्रवाहमा सहजीकरण गर्ने, विकास निर्माणका पुर्वाधार तथा सार्वजनिक सम्पदा लगायतको संरक्षण, समाजमा आपसी सम्मान तथा सद्भाव कायम गर्दै शान्तिपुर्ण सामाजिक परिवेशको निर्माण गर्ने लगायतका आम नागरिकका कर्तव्यहरुलाई बोध गराउन विशेष पहल गरिनेछ ।

६०. विपन्न, महिला दलितहरुलाई जिविकोपार्जनमा सहजता लाउने उदेश्यले घरेलु तथा साना उद्योगहरु प्रत्येक वडाहरुमा साना उद्योग संचालन गरिनेछ।

६१. न्यायिक समितिको कार्यलाई थप प्रभावकारी वनाउन आवश्यक दक्ष जनशक्तीको व्यवस्थापन गरिनेछ।

६२. गाउँपालिकाको स्विकृत वेगर गैरसरकारी संस्थाहरुका क्रियाकलापहरुलाई गाउँपालिका क्षेत्रभित्र निषेध गरिने छ भने विकास कार्यमा सहकार्य गर्ने विभिन्न गैरसरकारी संस्था तथा इच्छुक व्यक्ति वा निकायसँग गाउँपालिकाको उद्देश्य अनुरुपका कार्यक्रम संचालनमा भने सहकार्यात्मक ढंगले अघि बढ्ने नीति लिइने छ।

६३. सेवा प्रवाह तथा विकास निर्माणका कार्य संचालनमा सुशासन, पारदर्शिता तथा जवाफदेहिताको मान्यतालाई अवलम्बन गरिने छ।

६४. यस कार्यालय तथा मातहतका कार्यालयहरुबाट प्रदान गर्ने सेवालाई कम्प्युटरकृत गरिने छ।

६५. गाँउपालिकाको निर्णयले आवश्यकताको आधारमा कानुनी प्रकृया पुरा गरि वा सेवा निरन्तरता दिइएका कर्मचारीहरुलाई प्रभावकारीता तथा सेवा प्रवाहमा दक्षाताको आधारमा सेवा निरन्तरता दिइने छ।

६६. यस गाउँपालिका अन्तर्गतका साविक गाविस अन्तर्गत संचालन भएका विभिन्न योजनाहरुमा वाँकी रहेको पेश्की फछ्र्यौट लागि आवश्यक पहल गरिने छ।

६७. विपद्ध व्यवस्थापन योजना तथा कार्ययोजना निर्माण गरिने छ भने विपद व्यवस्थापन सम्वद्ध निकायसँगको समन्वयमा विपद व्यवस्थापन सम्बन्धी तालिम संचालन गरिने छ।

६८. स्थानीय स्रोत र साधनको पहिचान तथा संरक्षण गरिने छ। उक्त स्रोतको परिचालनबाट स्थानीय जनताको आर्थिक वृद्धि तथा विकास गराउने उद्यमशिलताका कार्यक्रमहरु संचालन गरिने छ।

६९. यस गाउँपालिका भित्रका नदी तथा अन्य सार्वजनिक स्थानको लगत सङ्कलन गरि अभिलेख अध्यावधिक गर्नुका साथै सरकारी अमिनद्धारा जग्गा छुटाएर सार्वजनिक हितमा उपयोग गरिने नीति लिइनेछ।

७०.वातावरण प्रभावबाट पर्ने असरलाई न्युनीकरण गर्नका लागि आवश्यक कार्यहरु गरिने छ। साथै विपद वाट हुने क्षति न्युनिकण तथा राहत उद्धारकार्य गर्न समेत सहज होस भन्ने उदेश्यले विपद प्रतिकार्य योजना निर्माण गरिने छ।

७१. यस गाउँपालिका अन्तर्गत कार्यरत शिक्षक र कर्मचारीहरुमध्येबाट नियमितता, सेवामैंत्रि व्यवहार, निष्पक्षता, कार्यतत्परता लगायका आधारमा उत्कृष्ट १ महिला र १ पुरुष कर्मचारीलाई नगद रु १५ हजार सहित सम्मानित गरिने छ।

७२. जलवायु परिवर्तनको आम जनमानसमा परेको तथा पर्न सक्ने असर कम गर्न जलबायू परिवर्तन सचेतना कार्यक्रम संचालन गरिने छ।

७३. वातावरणमैत्री विकास पद्दतीलाई विकासको संरचना निर्माणको क्रममा प्राथमिकताका साथ ध्यान दिई विकास कार्यबाट वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभावलाई न्युनीकरण गर्ने उपायहरुलाई अवलम्बन गरिने छ।

७४. गाउपालिकाको पूर्व स्वीकृती, सहमति, जानकारी विना कुनै पनि लघु वित्त कम्पनीहरुलाई आर्थिक कारोवार गर्न रोक लगाइनेछ। यदि त्यस्तो पाइएमा नियमानुसार कडा भन्दा कडा कार्वाहीको प्रकृया अगाडी बढाइने छ।

७५. नागरिक हरुको सुरक्षाका लागि "आपतकालिन गाउँ सरकार कार्यक्रम सञ्चालन "गरिने छ।

७६. मेरो सङ्कल्प राष्ट्र सेवा कार्यक्रम सञ्चालन गरीने छ उक्त कार्यक्रम मार्फत सरकारी सेवामा गाउँपालिका भित्रका नागरिकहरुको प्रतिनिधित्व बढाउन तथा युवा बेरोजगारी सँख्या घटाउन गाउँपालिका बाट लोकसेवा तयारी कक्षा सञ्चालन गरिने छ ।

७७. सुशासन र सदाचार गाँउपालिका समृद्धिको आधार भन्ने मुल नारा सहित । उक्त कार्यक्रमलाई प्रभावकारी वनाउनका लागि नागरिकसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिने छ ।

७८. माथि उल्लेखित गाउँपालिकाको निति तथा कार्यक्रमलाई प्रभावकारी कार्यन्वयनका लागि चौमासिक रुपमा प्रगति समीक्षा र थप कार्ययोजना निर्माण गरिनेछ ।

८०. योजना संचालन प्रकृयालाई थप-प्रभावकारी बनाउनको लागि उपभोक्ता समितिलाई थप जिम्मेवार बनाउने उदेश्यले वडा स्तरीय योजनाको हकमा वडा कार्यलय तथा पालिका, प्रदेश र संघ स्तरीय योजनाको उपभोक्ता समिती गाउँपालिकाको रोहवरमा गठन गरिने छ ।

८१. सुनकोशी गाउँपालिका भित्र रहेका युवा युवतीहरुलाई पत्रकारिता उत्घोषक क्षमता विकास तालिम कार्यविधि बनाई संचालन गरिनेछ ।

८२. लैङ्गिक समावेशीकरणलाई प्रभावकारी बनाउन पालिका स्तरीय महिला शा-सक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।

८३. सुनकोशी गाउँपालिका भित्रका वेरोजगार युवा,युवती तथा महिला, पुरुषहरुलाई स्वरोजगार बनाउने उदेश्यले विविन्न सिप मुलक कार्यक्रम संचालन गरिनेछ ।

८४. वैदेशीक रोजगारबाट फर्किएका युवाहरुलाई लक्षित गरि युवा रोजगार कार्यक्रम संचालन गरिनेछ ।

८५. श्रीमतीको मृतु भई एकल भएका उमेर ६० वर्षिय पुरुषलाई सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने उमेर सम्म प्रत्येक एक्ल पुरुषलाई प्रति महिना रु१५००(दलित एकल पुरुषको हकमा उमेर ५० ) भत्ता प्रदान गरिनेछ साथै मापदण्ड बनाई वितरण गरिनेछ।

८६. नेपाल सरकारबाट संचालित गरिबसंग विश्वेशवर कार्यक्रमलाई थप व्यवस्थित प्रभावकारी बनाउन आवश्यक बजेट समेत व्यवस्थापन गरिनेछ ।

८७. सुनकोशी गाउँपालिका भित्रका पुर्वधार बिकासका आयोजनाहरुलाई थप गुणस्तर कायम गर्न प्राविधीकहरुलाई थप ज्ञान उपलब्ध गराउने उदेश्यले क्षमता बिकास तालिम संचालन गरिनेछ ।

८८.सुनकोशी गाउँपालिकाको जनप्रतिनिधीहरु र कर्मचारीहरुलाई नेपाल भित्रको नमुना गाउँपालिकामा अध्यन भ्रमण गराईने छ।

८९. यस गाउँपालिका क्षेत्रमा प्राविधिक विद्यालयको स्थापना तथा प्राविधिक शिक्षाको विस्तारको लागि पहल गरिने छ । शिक्षा सम्बन्धी आवश्यक कार्याबिधि बनाई लागु गरिनेछ ।

९०. गाउँपालिका क्षेत्रभित्र रहेका सम्भावित धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको पहिचान गरि पर्यटकिय क्षेत्रका रुपमा विकास गर्नका लागि पर्यटन पुर्वाधार गुरु योजना निर्माण गरिने छ । धार्मिक तथा पर्यटकिय महत्वका मठमन्दिर गुम्वा इत्यादि संरक्षण तथा प्रवर्द्धन गरिने छ ।

९१. सुनकोशी ९ को कोषहाट- तिन छाँङ्गे झरना- चम्पादेवि काकनी तथा सुनकोशी ७ को चंचला देवि ठुली पोखरी क्षेत्रमा पर्यटकिय क्षेत्र घोषणा गरि पूर्वधार विकास गर्न पहल गरिनेछ ।

९२. सुनकोशी गाउँपालिका वडा नं ५ मा भएको अन्तराष्ट्रियरुपमा चर्चित कलात्मक वुद्धको मुर्तीलाई सुनकोशी कै गौरवशाली धार्मीक स्थल बनाईने छ ।

९३. नेपाल सरकार समक्ष  हाल वितरण भएको सामाजिक सुरक्षा भत्ताको रकममा वितरणमा सहजिकरण गरिनेछ।। साथै सामाजिक सुरक्षा भत्तालाई नजिकको टोलबस्तीबाटै वितरण गर्ने तथा जेष्ठ नागरिकको ३।३ महिनामा स्थानीय स्वास्थ्य कर्मीहरु बाट  स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाईने छ ।

९४. सुनकोशी गाउपालिका भित्र रहेका सम्पुर्ण व्यवसायीहरुलाई करको दायरामा ल्याई राजश्व वृद्धि गरिने छ साथै दर रेट सम्बन्धी मापदण्ड बनाइ लागु गरिनेछ ।

९५. सुनकोशी गाउँपालिका भित्रका महिला यौन दुरव्यवहार रोकथामको लागि Community-Police Partnership Program संचालन गरिने छ ।

९६. यस जिल्लाका घरेलु हिंसा महिलाहरुको न्यायमा थप पहुच अविवृद्धिका लागि जिल्ला SAVE HOUSE संग सहकार्य गरि आगाडी बडाईनेछ ।

९७. जनतासंग जनप्रतिनिधी कार्यक्रम प्रत्येक  वडामा अर्धवार्षिक वा बार्षिक रुपमा संचार माध्यमको प्रत्यक्ष उपस्थितीमा संचालन गरिनेछ ।

९८. सुनकोशी गाँउपालिका भित्र  प्राविधिकधार संचालन भएको विद्यालयको स्तर उन्नति गर्नुका साथै पुर्वधार तथा स्रोत साधनले  सम्पन्न प्रवुद्ध माध्यामिक विद्यालयमा कृषि तर्फको स्नातक तहको अध्यापन हुने क्याम्पस स्थापनाको लागि आवश्यक पहल गरिने छ ।

९९. सुनकोशी गाउँपालिकालाई छुवाछुत मुक्त गाउँपालिका घोषणा गरिने छ ।

१००. सुनकोशी गाँउपालिकाको भुगोल र  सम्भाव्यता अध्ययन गरि २० देखी २५ वर्ष सम्मको गुरुयोजना तयार बनाईनेछ ।

१०१. सुनकोशी गाउँपालिका जनजाती, महिला, दलित, पिछडिएका बर्गहरुको प्रतिभा तथा क्षमताको मुल्यांकन गरी कार्यक्रम अगाडी बढाईने छ ।

अन्त्यमा, यस ऐतिहासिक अवसरमा यस कार्यक्रमा उपस्थित भई यस  गाउँपालिका परिवारको सुनकोशी गाउँपालिकालाई समृद्ध बनाउने अभियानलाई प्रेरणा प्राप्त भएको अनुभूति गराउनु भएकोमा सम्पूर्ण गाउँपालिका वासी  वुवा आमा दाजुभाई दिदि वहिनीहरु, गाउँपालिका उपाध्यक्ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने राजनैतिक दल, सञ्चार कर्मी, सुरक्षा कर्मी, समाज सेवी र आम नागरिक समाज लगायत सम्पूर्ण कर्मचारी तथा यहाँ उपस्थित सबैमा सुनकोशी गाउँपालिकाको तर्फबाट हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु ।

धन्यवाद ।

कमल तामाङ  
अध्यक्ष  
सुनकोशी गाउँपालिका  
२०७९ असार १० गते